## कलैया उपमहानगरपालिका

### नगर कार्यपालिकाको बैठक नं.२१/०८१/८२

आज मिति २०८२।०२।२२ गते बिहिबार दिउँसो १:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.२१/०८१/८२ (एकाईसौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

### उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

## बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेश कुमार महतो | प्र.शा.अ. | | |
| २. | महन्त ठाकुर | सहायक पाँचौं | | |
| ३. | प्रेम कुशवाहा | का.स. | | |

## कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.२१/०८१/८२ मिति २०८२०२२२ गतेको एजेण्डा तथा निर्णयहरु

## छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)

**१. बजेट सिलिङ्ग निर्धारण सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको आ.ब. २०८२/०८३ को लागि वडा स्तरिय बजेट तर्जुमा गर्न प्रत्येक वडा लाई रु.१,००,००,०००।- अक्षरेपी एक करोड (आन्तरिक श्रोत तर्फ बाट रु.८०,००,०००।- अक्षरेपी असी लाख र अनुदान तर्फ बाट रु.२०,००,०००।- अक्षरेपी विस लाख), नगर प्रमुख ज्यू लाई २,००,००,०००।- अक्षरेपी दुई करोड (आन्तरिक श्रोत तर्फ बाट रु.१,५०,००,०००।- अक्षरेपी एक करोड पचास लाख र अनुदान तर्फ बाट रु.५०,००,०००।- अक्षरेपी पचास लाख), नगर उप-प्रमुख ज्यू लाई १,५०,००,०००।- अक्षरेपी एक करोड पचार लाख (आन्तरिक श्रोत तर्फ बाट रु.१,२०,००,०००।- अक्षरेपी एक करोड बिस लाख र अनुदान तर्फ बाट रु.३०,००,०००।- अक्षरेपी तिस लाख) र कार्यपालिका सदस्य ज्यूहरुलाई जनही रु १२,००,०००।- अक्षरेपी बाह्र लाख (आन्तरिक श्रोत तर्फ बाट रु.९,००,०००।- अक्षरेपी नौ लाख र अनुदान तर्फ बाट रु.३,००,०००।- अक्षरेपी तिन लाख) सिलिङ्ग तोक्ने निर्णय गरियो ।

**२. Integrated Solid Waste Processing and Management को लागि RFP सम्बन्धमा ।**

**निर्णय :** Integrated Solid Waste Processing and Management in Kalaiya Sub Metropolitan City कार्य ठेक्का नं. KSMC/EOI/1-081/082 का लागि **Eligibility and Completeness Test** मा पेश हुन आएका जम्मा ६ वटा बोलपत्रहरु मध्ये एउटा मात्र बोलपत्र CEMC-GRID-MDWMN JV सारभुत रुपमा प्रभावग्राही भएकाले उक्त बोलपत्रदाता सँग RFP (Request For Proposal) माँग गर्ने निर्णय गरियो ।

**३. वडा नं.१२ को निर्माण कार्यका लागि सहमति सम्बन्धमा ।**

**निर्णय :** वडा नं. १२ को तपसिलका निर्माण कार्य गर्न सहमति दिने निर्णय गरियो ।

**तपसिल :**

(क) आ.व. २०८१/०८२ को नगर स्तरीय योजना अन्तर्गत वडा नं.१२ टोल धर्मनगरमा रु.२२ लाखबाट मस्जिद देखि जन्जाती भवनसम्म नाला र सडक ढलान कार्यको लागि कार्यहरुको योजना भएको हुनाले सो कार्यमा बाटोमा रहेको चौतरा समेतको कार्यका लागि वडा नं.१२ को वडा कार्यालयको च.नं.१२२४ मिति २०८२/०२/१९ गतेको पत्रबाट सहमतिका लागि सिफारिस भई आएकोले सोही बमोजिम गर्न सहमति दिने निर्णय गरियो ।

(ख) वडा नं.१२ को वडा कार्यालयको च.नं.१२०१ मिति २०८२/०२/१४ गतेको पत्रबाट वडा नं.१२ को वडा स्तरीय बजेटबाट आ.ब.२०८१/०८२ का लागि रु १२ लाख भोला केशरीको घर देखि बद्री केशरीको घर सम्म गलीबाटो र मदन साह लोहारको घर देखि साहमहमदको गलीबाटो ढलान निर्माण र सावको द्वारमा सानो कल्भर्ट निर्माण २ वटा समेतको कार्य गर्नको लागि मिति २०८१/०९/०९ गते सुचना प्रकाशन गरी मिति २०८१/०९/१९ गते उपभोक्ता समिति गठन भएको हुनाले सो ठाउँमा उपभोक्ता समितिले पुर्वकाल देखि चलन चलती अनुसार रहेको बाटो १० फिट भित्र नाला निर्माण र बाटो ढलान कार्यका लागि सहमति माँग भएकोले सहमति दिने निर्णय गरियो ।

CamScanner

**४. आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय :** तपसिल वमोविम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल :**

(१) वडा नं.६ निवारी जगत नारायण पंडितको घरमा मिति २०८१/११/२९ गते राती विधुत सर्टका कारण आगलागी भई क्षति भएकोले निजलाई आर्थिक सहायता शिर्षकबाट रु. ३५,०००।- अक्षरेपी पैत्तिस हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरिया ।

(२) नेपाल मजदुर किसान पार्टीको आठौं महाधिवेशन २०८१ फाल्गुन १६,१७,१८ र १९ गते भक्तपुरमा सम्पन्न भएकोले उक्त कार्यक्रम भएको खर्च वापत आर्थिक सहायता शिर्षकबाट रु. १०,०००।- अक्षरेपी दश हजार नेपाल मजदुर किसान पार्टीलाई उपलब्ध गराउने निर्णय गरियो ।

(३) शिक्षालाई सिप, श्रम, उत्पादन र रोजगारीसँग जोडी सामाजिक अराजकता र बढदो युवा पलायन रोकौं भन्ने मुल उद्घोषका साथ अनेरास्ववियुले मिति २०८२/०२/२५ देखि २८ गते सम्म काठमाण्डौमा २४ औं राष्ट्रिय महाधिवेशन आयोजना गरिरहेकोले उक्त महाधिवेशनका लागि अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विधार्थी युनियन लाई आर्थिक सहायता शिर्षकबाट रु.१०,०००।- अक्षरेपी दश हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

(४) राष्ट्रिय युवा संघ, नेपालको दशौं राष्ट्रिय महाधिवेशन २०८२ जेष्ठ ९ देखि ११ गते सम्म सम्पन्न भएकोहुनाले उक्त महाधिवेशनका लागि राष्ट्रिय युवा संघ नेपाललाई आर्थिक सहायता शिर्षकबाट रु. २०,०००।- अक्षरेपी बिस हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

(५) प्रेस चौतारी नेपाल बाराको मिति २०८१/११/०३ मा भएको छैठौं जिल्ला अधिवेशनका लागि आर्थिक सहायता शिर्षकबाट रु. १५,०००।- अक्षरेपी पन्द्र हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

(६) वडा नं.२५ को सुखलैया पोखरीको मठको पुजारी नागा बाबाको कालगतिले मृत्यु भएकोमा निजको काजक्रियामा भएको खर्चबापत वडा नं.२५ निवासी श्री नरेश साह केशरीलाई आर्थिक सहायता शिर्षकबाट रु. २५,०००।- अक्षरेपी पचिस हजार उपलब्ध गराउने निर्णय गरियो ।

(७) वडा नं.२० बसतपुर निवासी श्री रामबहादुर साहको घरमा आगलागी भई भएको क्षति वापत निजलाई आर्थिक सहायता शिर्षकबाट रु. २०,०००।- अक्षरेपी बिस हजार उपलब्ध गराउने निर्णय गरियो ।

(८) वडा नं.२७ निवासी श्री पती देवी चमइनको श्रीमानको मृत्यु भएको र निजको आर्थिक अवस्था निकै कमजोर रहेकोले निजलाई वडा नं.२७ को वडा स्तरीय आर्थिक सहायता शिर्षकबाट रु.८,०००।- अक्षरेपी आठ हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

(९) वडा नं.२७ मा विजुलपुरमा रहेको श्री मंकेश्वरनाथ मंदिरको पुजारी फुलमतिया देवी मठ मन्दिरमा पुजापाठ गरी आएको तथा निजलाई खान, लाउन समेत समस्या भईरहेकोले निजलाई वडा नं.२७ को वडा स्तरीय आर्थिक सहायता शिर्षकबाट रु.६,०००।- अक्षरेपी छ हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**५. बृद्धवृद्धाहरुका लागि आवासीय भवन निर्माण, परियोजना संचालन सम्बन्धमा ।**

**निर्णय :** अग्रवाल वृद्धाश्रम कलैया ०१ बाराले निजको नाममा रहेको साविक गा.वि.स. बघवन वडा नं.६ कित्ता नं.११२६, कित्ता नं.१३६० र कित्ता नं.११२५ हाल कलैया उपमहानगरपालिका वडा नं.१४, बघवनको जग्गामा अग्रवाल विकाश संस्था, कलैया उपमहानगरपालिका -१ बारासंग सम्झौता गरी उक्त वृद्धाश्रमको नाममा रहेको जग्गामा बृद्धवृद्धाहरुका लागि आवासीय भवन निर्माण, परियोजना संचालन गर्न सहमतिका लागि अनुरोध गरेकोले उक्त परियोजना संचालन गर्न सहमति दिने निर्णय गरियो ।

**६. वडा नं.५ को बाटो ढलान तथा नाला निर्माण सम्बन्धमा ।**

**निर्णय :** वडा नं.५ को वडा कार्यालयको च.नं.१५७७ मिति २०८२/०३/२२ गतेको पत्रवाट उक्त वडा समितिको आ.ब. २०८१/०८२ को स्वीकृत वडा स्तरीय योजना मनकामना कलेज देखि पश्चिम अमरेश यादवको घरसम्म बाटो तथा नाला निर्माणका लागि बजेट विनियोजन भएकोमा भोग चलनमा ८ फिट देखि २० फिट सम्म बाटो रहेकोमा स्थानिय सरोकारवाला सँगको छलफलमा १३ फिट कायम गरी बाटो ढलान तथा नाला निर्माण गर्ने सहमतिका लागि अनुरोध भई आएकोले उक्त कार्यका लागि नक्सामा जे-जति भएतापनि नक्सामा बढी भएको ठाउँमा पछि आवश्यकता अनुसार विस्तार हुने गरी हाल १३ फिट देखि १६ फिटको बाटो ढलान तथा नाला निर्माण गर्न गराउन सहमति प्रदान गर्ने निर्णय गरियो ।